जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ | अंक १७३ | २०७८ साल माघ २५ गते मंगलबार (8 Feb. 2022 Tuesday) | मूल्य रु. ५/-

सार्वजनिक पद र जिम्मेवारीमा रहेका व्यक्तिहरुले शक्तिको दुरुपयोग गरी गर्ने गैरकानूनी आर्जन भ्रष्टाचार हो ।

भ्रष्टाचार विरुद्ध सचेत होऔं । भ्रष्टाचार भएको शंका लागेमा तत्काल अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय प्रशासनमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : विकृति बढेपछि विद्युत्का... ३ पृष्ठमा : 'स्थानीय तह' निर्वाचन ... ३ पृष्ठमा :अफगानिस्तानको सीमा क्षेत्रमा...

# स्थानीय तहको निर्वाचन वैशाख ३० मा

काठमाडौँ, २४ माघ (रासस)।

सरकारले स्थानीय तहको निर्वाचन आगामी वैशाख ३० गते एकै चरणमा गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद्को सोमबारको बैठकले स्थानीय तहको निर्वाचन एकै चरणमा गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो।

तोकिएको मितिमा निर्वाचन सम्पन्न गर्न निर्वाचनसम्वन्धी कानूनमा खासै परिमार्जन गर्न नपर्ने आयोगले सरकारलाई परामर्श दिएको थियो। राजनीतिक दलबीच संविधान र कानूनका विषयमा स्थानीय तहको निर्वाचनका सन्दर्भमा फरक बुझाइ र विश्लेषण भएका कारण निर्वाचनको मिति घोषणालाई चासोका साथ हेरिँदैआएको थियो। यसअघि आयोगले सरकारलाई जेठ ४ गते एकै चरणमा निर्वाचन गर्न सुझाएको थियो।

# सप्तकोशी नदीमा ३० हजार माछाका भुरा छाडियो



**दैनिक समाचारदाता**
**राजविराज, २४ माघ।**

सप्तकोशी नदीमा ३० हजार माछाका भुरा छाडिएको छ। प्रकृतिक जलाशय मत्स्य प्रर्वद्धन एवं संरक्षण केन्द्र हेटौडा मकवानपुरको आयोजनामा कोशी नदीमा रहु र नैनी जातका ३० हजार माछाका भुरा कोशी नदीमा सोमबार छाडिएको हो।

माछाका भुरा छाडने क्रममा कोशी टप्पु वन्यजन्तु आरक्षका वाडेन रामचन्द्र खतिवडाले कोशी नदीमा प्रदुषणले गर्दा माछाको कमी भएको कारण यहाँ माछाका भुरा छाडिएको बताए।

प्रकृतिक जलाशय मत्स्य प्रर्वद्धन एवं संरक्षण केन्द्र हेटौडा कार्यालयले अघि नारायणी नदीमा ४० हजार भुरा छोडेको थियो भने मकवानपुरको सामारी नदीमा पनी ३४ हजार माछाका भुरा छाडेका थिए।

साना माछा मार्ने काम गरेमा माछाको बिर्द्धबिकास हुनमा समस्या हुने बताउदै कोशी नदीमा कोशी टप्पु वन्यजन्तुको अगुवाइमा यसअघि २० वटा घडियाल गोही समेत छाडिएको उनले बताए। उनले माछा र घडियाल गोहीको संरक्षण गर्नुपर्नेमा जोड दिएका छन।

जलिय जैबिक बिविधता संरक्षण तथा प्राकृतिक जलाशयमा

***बाँकी अन्तिम पृष्ठमा***

# उपाध्यक्षद्वारा गरिएको तालाबन्दीले गाउँपालिकाको कामकाज प्रभावित

**दैनिक समाचारदाता**
**राजविराज, २४ माघ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा उपाध्यक्षले गरेको तालाबन्दीका कारण कार्यालयको कामकाज प्रभावित भएको छ।

गाउँपालिकाकी उपाध्यक्ष सुचिता कुमारी यादवले चौथो पटक विहीबार गाउँपालिकाको योजना शाखा र प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा तालाबन्दी गर्दा कामकाज प्रभावित बन्न पुगेको हो।

उनले आफूलाई सूचना

***बाँकी अन्तिम पृष्ठमा***






## सम्पादकीय ....

# समाजबाटै हिंसा उन्मुलनका लागि दबाब सृजना गरौं

सप्तरीमा महिला हिंसाको एउटा रुप पुनः देखिएको छ । कुनै पनि बहानामा ज्यानै मार्ने कार्य निन्दनीय हो । महिला हिंसा न्युनिकरणका लागि सरोकारवाला निकायले निकै प्रयास गरेको छ र गर्दै पनि छ । तर, त्यसले कुनै मूर्त रुप लिन सकिरहेको देखिन्न् । कुनै पनि हिंसा र त्यसलाई प्रोत्साहन गर्नु सामाजिक तथा कानुनी अपराध हो । तर, मानिसले आवेशमा आएर त्यस्तो घटना गर्न पुग्छन् ।

सप्तरीको बोदेबरसाइन नगरपालिकामा देवरले आफ्नो भाउजुलाई पेट्रोल छर्केर आगो लगाइदिएपछि भाउजुको मृत्यु भएको छ । पारिवारिक विवादमा देवरले आफ्नो रिस थाम्न नसकेपछि महिला हिंसाको यो रुप देखियो । यस्ता अपराधलाई कसैले माफ गर्न सक्दैन् । ती अपराधीलाई कानुनी कठघरामा उभ्याएर दण्ड दिनुपर्छ । अनिमात्र त्यस्ता अपराधलाई कसैले दोहोऱ्याउन साहस गर्न सक्दैन् । यसका लागि सामाजिक स्तरबाट पनि दबाब सृजना गर्नु आवश्यक छ भने कानुनले पनि हिंसा न्युनिकरणका लागि अझ कडा रुपमा प्रस्तुत हुनुपर्छ ।

तसर्थ महिला हिंसा उन्मुलनका लागि सामाजिक तथा कानुनी रुपमा कडा कदम चाल्नु आवश्यक छ । यसको सुरुवात आफ्नै समाजबाट गर्नुपर्ने सबै व्यक्तिको दायित्व हो । अनिमात्र समाजबाट हिंसालाई पूर्णरुपले उन्मुलन गर्न सकिन्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विकृति बढेपछि विद्युत्का संरचना सार्ने नयाँ व्यवस्था

काठमाडौँ, २४ माघ (रासस) ।

नेपाल विद्युत् प्राधिकरणले ग्राहकहरूलाई विद्युत् सेवा उपलब्ध गराउन निर्माण गरेको वितरण प्रणालीका विद्युतीय संरचना (तार, खम्बा, ट्रान्सफर्मर) सार्न आवश्यक प्रक्रिया र मापदण्डसम्बन्धी नयाँ व्यवस्था कार्यान्वयनमा ल्याएको छ । प्राधिकरणले 'विद्युतीय संरचना स्थानान्तरणसम्बन्धी कार्यविधि'मार्फत संरचना सार्ने कामलाई व्यवस्थित बनाएको जनाएको छ ।

कार्यविधिमा विद्युतीय संरचना स्थानान्तरण, प्राविधिक जाँच, स्वीकृति दिने अधिकारी, स्थानान्तरण गर्दा लाग्ने खर्च र पूरा गर्नुपर्ने दायित्वलगायत व्यवस्था गरिएको छ । प्राधिकरणले प्राविधिक जाँच गरी सम्भव देखिएमा मात्र ४००/२३० भोल्ट (एलटी लाइन), ११ केभी र ३३ केभीसम्मको लाइनको तार, खम्बा र त्यसमा जडान भएको ट्रान्सफर्मरलगायत संरचनाको स्थानान्तरण गर्नेछ ।

काठमाडौँ उपत्यकालगायत देशका विभिन्न सहरी क्षेत्रहरूमा सरकारी निकाय, स्थानीय तहहरू, उपभोक्ता समिति, व्यक्ति/संस्थाहरूमार्फत सडक विस्तारका क्रममा विद्युतीय संरचना सार्न माग गर्दै प्राधिकरणमा निवेदन आउने गरेका छन् ।

साथै व्यक्तिगत जग्गाको बीचमा लाइन परी जग्गा उपभोग गर्न नमिल्ने भएको उल्लेख गरेर खम्बा, तार तथा ट्रान्सफर्मर सार्नका लागि प्राधिकरणमाथि दबाब पर्ने गरेको छ । प्राधिकरणले कार्यविधिमार्फत प्राविधिक जाँचबाट उपयुक्त देखिए र स्थानान्तरण गर्ने स्थानमा विरोध नभएको सुनिश्चित भएमा मात्र विद्युतीय संरचना सार्न सकिने व्यवस्था गरेको छ ।

कार्यविधिले विद्युतीय खम्बा, तार, ट्रान्सफर्मरलगायत संरचना स्थानान्तरणको प्रक्रिया, स्वीकृति दिने अधिकारी, सार्दा लाग्ने खर्च कसले व्यहोर्ने भन्ने व्यवस्था प्रस्टसँग व्यवस्था गरिएकाले त्यस्ता संरचना सार्ने काममा हुन सक्ने सम्भावित चलखेललाई रोक्ने प्राधिकरणको विश्वास छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युतीय संरचना सार्नका लागि विभिन्न क्षेत्रबाट धेरै माग आउने गरेको, सहरी सौन्दर्यमा बाधा पुगेको, सडक विस्तारमा अवरोध गरेको जस्ता गुनासो आएपछि यसलाई सम्बोधन गर्न नीतिगत व्यवस्था गरिएको जानकारी दिनुभयो । "अम्बा सारिदिन्छु भन्दै धेरैले चलखेल गर्ने गरेको सुनेका छौं, यसलाई नियन्त्रण र व्यवस्थित गर्न स्पष्ट प्रक्रिया र मापदण्डको व्यवस्था गरेका छौँ", उहाँले भन्नुभयो ।

समस्यामा परेका व्यक्तिहरूले पोल सारिदिन्छु भन्दै आउने व्यक्तिहरूको पछि नलागी प्राधिकरणको स्थानीय कार्यालयमा गएर निवेदन दिन सक्ने र त्यसपछि कार्यविधिबमोजिम प्राविधिक नापजाँचको प्रक्रिया अगाडि बढाइ विकल्पसहित सम्भव देखिएमा मात्रै संरचना सारिने उहाँले बताउनुभयो । स्थानान्तरण उपयुक्त देखिएमा आवेदक र स्थानीय तहको प्रतिनिधिको उपस्थितिमा संरचना सारिनेछ ।

प्राधिकरणको मौजुदा विद्युत् वितरण प्रणालीका विद्युतीय संरचना व्यक्ति/संस्थाको घर कम्पाउन्ड रहेको जग्गामा वा त्यस्तो जग्गामाथिबाट गएको वा सडक विस्तार गर्दा वा अन्य कुनै कार्य गर्न त्यस्तो संरचना स्थानान्तरणका लागि प्राधिकरणको सम्बन्धित स्थानीय कार्यालयमा आवेदन दिन सकिने व्यवस्था गरिएको छ ।

आवेदन साथ नागरिकता, जग्गाधनी पुर्जाको प्रतिलिपि, सम्बन्धित स्थानीय तहको सिफारिस लगायतका कागजात पेस गर्नुपर्नेछ । नेपाल सरकारका कुनै कार्यालय वा सरकारको पूर्ण स्वामित्वको संस्थाले भने संरचना स्थानान्तरणको कारणसहित पत्र पठाउनुपर्ने छ ।

प्राधिकरणको स्थानीय कार्यालयका प्रमुखले संरचना स्थानान्तरणको आवेदन प्राप्त भएको १५ दिनभित्रमा प्राविधिक जाँच गराउनुपर्ने छ । स्थानको स्थलगत निरीक्षण गरी विद्युतीय संरचना मर्मतसम्भार गर्न सहज पहुँच हुने, संरचना व्यवस्थित र सुरक्षित हुने तथा अरूलाई असर नपर्ने लगायतका आधार मानी प्राविधिक जाँच गरिनेछ ।

संरचना स्थानान्तरण गर्न उपयुक्त देखिएमा प्राधिकरणको स्थानीय कार्यालय प्रमुखले सम्बन्धित वडाध्यक्ष, स्थानान्तरण हुने स्थानको कम्तीमा एकजना सँधियार, आवेदक समेतको सहमतिमा स्थानान्तरण हुने ठाउँको यकिन गरिनेछ ।

उपयुक्त देखिएमा कारण, स्थानको विवरण, लाइनको नक्सा, अनुमानित खर्च सहितको प्रतिवेदन बुझाउनुपर्ने छ । जाँचमा स्थानान्तरण सम्भव नदेखिएमा त्यसको लिखित जानकारी आवेदकलाई दिनुपर्नेछ ।

कार्यविधिमार्फत स्थलगत प्रतिवेदनमा स्थानान्तरण उपयुक्त देखिएमा सार्न स्वीकृति दिने जिम्मेवार व्यक्तिहरू तोकिएको छ । ४००/२३० भोल्टेज स्तरका वितरण लाइनको स्वीकृति सम्बन्धित प्रादेशिक/प्रदेश डिभिजन कार्यालय प्रमुखले दिनेछन् । सडक विस्तारका लागि ११ केभी स्तरका वितरण लाइन सार्ने स्वीकृति वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशकले दिनेछन् ।

व्यक्ति/संस्थाको निजी स्वामित्वको ११ केभी र सडक विस्तारका लागि ३३ केभी लाइन सार्ने स्वीकृति कार्यकारी निर्देशकबाट दिइने छ । व्यक्ति/संस्था वा प्राधिकरणको स्वामित्वमा रहेको ३३ केभी र ११ केभी रिडमिन लाइन स्थानान्तरण स्वीकृति प्राधिकरण सञ्चालक समितिले दिनेछ । निजी जग्गामाथि गएको ओभरहेड लाइन सोही जग्गामा भूमिगत गर्न नसकिने व्यवस्था गरिएको छ ।

स्थानान्तरणका लागि आवश्यक पर्ने स्थान र मार्गाधिकारको व्यवस्था आवदेक आफैँले गर्नुपर्ने छ । स्थानान्तरण गरी जग्गाको साँध सिमानामा ल्याउनु पर्दा सम्बन्धित सँधियार र अन्य निकायको सहमति लिनुपर्ने भएमा त्यस्तो सहमति लिखित रूपमा पेस गर्नुपर्ने छ भने आवेदकको विद्युत् महसुल बक्यौता हुनु हुँदैन ।

अन्य निकायका संरचना (दूरसञ्चार, केबुल, खानेपानी आदि)लाई असर पर्ने भए सम्बन्धित निकायको सहमति पेस गर्नुपर्नेछ । स्थानीय तहको अनुरोधमा विद्युतीय संरचना स्थानान्तरण गर्न लाग्ने खर्चको ७० प्रतिशत स्थानीय तहले र बाँकी तीस प्रतिशत प्राधिकरणले व्यहोर्ने छ ।

व्यक्ति/संस्था/निकायको अनुरोधमा संरचना स्थानान्तरण गर्नु परेमा त्यसको सम्पूर्ण खर्च सम्बन्धित आवेदकले व्यहोर्नुपर्ने छ । लागत अनुमान रु पाँच लाखसम्म, रु पाँच लाखदेखि रु २० लाखसम्म र सो भन्दा माथि रहेको संरचना स्थानान्तरण कार्य आवेदकले रकम जम्मा गरेको

# मल उत्पादन गर्न सस्तोमा विद्युत् उपलब्ध गराउँछौं : ऊर्जामन्त्री भुसाल

काठमाडौँ, २४ माघ (रासस) ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले जलविद्युत्को प्रयोग गरेर रासायनिक मल कारखाना स्थापना गर्नुपर्ने बताउनुभएको छ । कृषि मन्त्रालयमा सोमबार भएको छलफलमा उहाँले दीर्घकालीन एवं राष्ट्रको हितका लागि पनि जलविद्युत्कै प्रयोगबाट सम्पूर्ण उद्योग तथा कलकारखाना सञ्चालन हुनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "देशभित्र ऊर्जाका रुपमा जे खपत हुन्छ त्यो जलविद्युत्बाट उत्पादित ऊर्जा नै हुनुपर्छ ।" लगानी बोर्डमार्फत लगानी गर्ने उद्योगी व्यवसायीले पनि नाफासँगै देशको माया गरेर विद्युतीय ऊर्जा खपतलाई प्रोत्साहन गर्नुपर्नेमा उहाँको जोड थियो । मन्त्री भुसालले भन्नुभयो, "हामी देशभक्त नागरिकले राष्ट्रको हितलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ, यहीभित्र नाफा, व्यापार खोजौं, मेरो विनम्र आग्रह छ ।"

जलविद्युत् प्रयोग गरेर मलकारखाना स्थापना गर्नेतर्फ लाग्नुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "हामी आवश्यकताअनुसारको विद्युत् उपलब्ध गराउन तयार छौं, जलविद्युत् आयोजनाको सञ्चालन खर्च मात्र लिएर पनि विद्युत् दिन तयार छौं ।" ऊर्जाकै कारणले मल उत्पादनमा लागत महङ्गो हुने स्थिति आउन नदिने विश्वास दिलाउँदै मन्त्री भुसालले भन्नुभयो, "ऊर्जाकै कारणले महङ्गो हुने स्थिति आउँदैन त्यसका लागि ऊर्जा मन्त्रालय आश्वस्त पार्न चाहन्छ ।"

डलरमा खरिद गरेर ल्याइएको ग्यासभन्दा देशभित्र उत्पादन भएको स्वदेशमै उत्पादन भएको ऊर्जा प्रयोग गर्नुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "हामीले तत्कालको लागत मात्र हिसाब गरेर ग्यासबाट उद्योग स्थापना गर्ने निर्णयमा पुग्नु अगाडि भावी पुस्ता, दिगो विकास लक्ष्य, विश्वसामु हामीले गरेका प्रतिबद्धतालाई समेत गहिरो ढङ्गले सोच्नुपर्छ ।"

देशको आर्थिक विकासका लागि लगानी बोर्ड स्थापना भएको स्मरण गर्दै उहाँले सम्पूर्ण विश्व नै नवीकरणीय र स्वच्छ ऊर्जाको प्रयोगलाई बढाउँदै पेट्रोलियम पदार्थको कटौतीमा लागिरहेको उल्लेख गर्नुभयो । उहाँले स्वच्छ ऊर्जा विद्युत्लाई बाइपास गरेर अरू देशले निरुत्साहित गरेको प्रविधिमा जान नहुने बताउँदै त्यसतर्फ लगानी बोर्ड गम्भीर हुनुपर्ने बताउनुभयो ।

कृषि तथा पशुपन्छी विकासमन्त्री महेन्द्र राय यादवले मल खादमा पनि देशलाई आत्मनिर्भर बनाउनुपर्नेमा जोड दिँदै मल अभावको राष्ट्रिय समस्यालाई हल गर्न सबैले सहयोग गर्नुपर्ने बताउनुभयो । उहाँले विद्युत् उत्पादनबाटै मल उत्पादन भयो भने आत्मनिर्भर हुने जनाउँदै लागतको विषयमा पनि छलफल गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "सातवटै प्रदेशमा मल कारखाना स्थापना गर्ने गरी सोच्नुपर्छ, प्रत्येक प्रदेशमा दुई लाख मेट्रिक टन क्षमताको कारखाना स्थापना गर्नेगरी अगाडि बढ्नुपर्छ ।" उहाँले चाँडोभन्दा चाँडो नेपालमा मल कारखाना स्थापना गरेर कृषकलाई आश्वत तुल्याउनुपर्नेमा जोड दिनुभयो ।

त्यस अवसरमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले खाद्य सुरक्षाका लागि पनि मल कारखाना स्थापना महत्वपूर्ण भएको र त्यसका लागि नेपालकै विद्युतीय ऊर्जा प्रयोग हुनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "दूरगामी हिसाबले पनि जलविद्युत् नै प्रयोग गरेर मल उत्पादन गर्नुपर्छ, भविष्यका लागि पनि यो नै उपयुक्त हुन्छ ।"

नेपालमै मल कारखाना स्थापना गर्ने विषयमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# 'स्थानीय तह' निर्वाचन इतिहासलाई फर्केर हेर्दा...

काठमाडौँ, २४ माघ (रासस)।

स्थानीय तहको आगामी निर्वाचन आगामी वैशाख ३० गतेका लागि घोषणा भएको छ। मन्त्रिपरिषद्को सोमबारको बैठकले आगामी नयाँ सालको पहिलो महिनामै एकै चरणमा गर्ने निर्णय गरेको हो। स्थानीय तह निर्वाचनका सन्दर्भमा संविधान र कानुनप्रति राजनीतिकका बुझाइमा देखिएको फरकपन र दुविधाका बीच मिति घोषणा भएसँगै निर्वाचनको अन्योल स्वतः हटेको छ।

नेपालमा स्थानीय तहको पहिलो निर्वाचन विसं २००४ जेठ २९ गते काठमाडौँ म्युनिसिपालिटी प्रारम्भ भएको इतिहास छ। नेपालको संविधान जारी भएपछि गाउँपालिका, नगरपालिका र जिल्ला समन्वयन समिति नाम कायम गरिएको छ। यसअघि स्थानीय तहलाई म्युनिसिपालिटी, नगरपालिका, गाउँ पञ्चायत, नगरपञ्चायत, गाउँ विकास समिति, नगरपालिका, जिल्ला पञ्चायत, जिल्ला विकास समिति आदि नामले चिनिँदै आएको निर्वाचन आयोगद्वारा प्रकाशित प्रश्नोत्तर पुस्तकमा उल्लेख छ।

विसं २००४ मा भएको काठमाडौँ म्युनिसिपालिटीको निर्वाचनपछि मुलुकमा नगरपालिका निर्वाचन विसं २०१० भदौ १७ गते भएको थियो। त्यसैगरी स्थानीय निर्वाचन विसं २०१४ माघ ७ गते, गाउँपञ्चायत निर्वाचन विसं २०१८ फागुन ७ देखि विभिन्न मितिमा सम्पन्न भएका थिए। काठमाडौँ म्युनिसिपालिटीको २०१० सालमा भएको निर्वाचनमा वडा नं ८ बाट साधनादेवी प्रधान प्रथम निर्वाचित जनप्रतिनिधि बन्न सफल हुनुभएको थियो।

आयोगका अनुसार, नगरपञ्चायत निर्वाचन विसं २०१९ जेठदेखि विभिन्न मितिमा, जिल्लासभा र जिल्ला पञ्चायत निर्वाचन विसं २०१९ देखि विभिन्न मितिमा, अञ्चलसभा र अञ्चल पञ्चायत निर्वाचन विसं २०२० देखि विभिन्न मितिमा सम्पन्न भएका थिए।

स्थानीय तह निर्वाचनकारूपमा विसं २०३९ वैशाख २८ र ३१ तथा जेठ ३ र ४ गते गाउँ पञ्चायत तथा नगरपञ्चायत, विसं २०३९ असार २ गते जिल्ला पञ्चायत, विसं २०४३ साल चैत ७ र १० गते गाउँपञ्चायत तथा नगरपञ्चायत एवं विसं २०४४ साल वैशाख २६ गते जिल्ला पञ्चायतको निर्वाचन भएको इतिहास छ।

मुलुकमा प्रजातन्त्रको पुनः स्थापनाभएपछि स्थानीय तहको निर्वाचनकारूपमा विसं २०४९ जेठ १५ र १८ गते गाउँविकास समिति तथा नगरपालिका निर्वाचन, विसं २०४९ असार १३ गते जिल्ला विकास समिति निर्वाचन, विसं २०५४ जेठ ४ र १३ गते गाउँपालिका र नगरपालिका निर्वाचन तथा विसं २०५४ असार २७ गते जिल्ला विकास समितिको निर्वाचन भएको थियो। विसं २०६२ माघ २६ गते पनि नगरपालिका निर्वाचन भयो।

**अघिल्लो स्थानीय तह निर्वाचन**

मुलुकमा २०६२/६३ को जनआन्दोलनको उपलब्धिकारूपमा संविधानसभाबाट नेपालको संविधान जारी भएपछि सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थानीय तहको पहिलो निर्वाचन तीन चरणमा भएको थियो। विसं २०७४ वैशाख ३१, असार १४ र असोज २ गते सो स्थानीय तहको निर्वाचन भएको हो। सिंहदरबारको अधिकार स्थानीय सरकारमार्फत जनताकै घरदैलोमा पुऱ्याउने उद्देश्यसहित भएको निर्वाचनमा ५७ राजनीतिक दलले भाग लिएकामा १८ राजनीतिक दलको स्थानीय तहमा प्रतिनिधित्व रह्यो।

स्थानीय तहको निर्वाचनमा २३३ स्वतन्त्रसहित ३५ हजार ४१ जनप्रतिनिधिको निर्वाचित भएका थिए। त्यस निर्वाचनका लागि एक करोड ४० लाख ७४ हजार ४२४ मतदाता कायम भएकामा एक करोड चार लाख ८९ हजार २०४ अर्थात् ७४.५३ प्रतिशत मतदान भएका थियो। निर्वाचनमा राजनीतिक दलबाट ८३ हजार ८३६ पुरुष, ५६ हजार ४२७ महिला, २ तेस्रो लिङ्गी तथा स्वतन्त्रतर्फ ६ हजार ६८२ पुरुष, एक हजार ४१५ महिलासहित एक लाख ४८ हजार ३६४ उम्मेदवारले प्रतिस्पर्धा गरेको निर्वाचन आयोगले उल्लेख गरेको छ।

उक्त स्थानीय तह निर्वाचनमा सबैभन्दा सानो १८ लहर र सबैभन्दा ठूलो ६८ लहरको मतपत्र कायम गरिएको थियो। आयोगले उक्त निर्वाचनका लागि १७ स्थानीय भाषामा निर्वाचन सूचना सामग्री बनाइएका थिए। मुलकमा हाल छ महानगरपालिका, १२ उपमहानगरपालिका, २७५ नगरपालिका र ४६० गाउँपालिका गरी कूल ७५३ तह र छ हजार ७४३ वडा कायम छ। लोकतान्त्रिक शासन प्रणाली अवलम्बन गरेका मुलुकमा निर्वाचनलाई लोकतन्त्रको प्रणवायु भन्ने गरिन्छ।

# गाई/भैंसी पालनमा युवाहरूलाई आकर्षित गराउनुपर्नेमा जोड

**दैनिक समाचारदाता**
**राजविराज, २४ माघ।**

पशुपालन व्यवसायमा स्थानिय युवाहरूलाई सक्रियता गराउनुपर्नेमा सहभागीहरूले जोड दिएका छन।

सोमवार राजबिराज नगरपालिका पशुपंक्षी बिकास शाखा सप्तरीद्वारा तीन दिने गाई/भैंसी पालन सम्बन्धी तालिममा आयोजित कार्यक्रममा सो कुरामा जोड दिइएको हो।




उक्त अवसरमा राजबिराज नगरपालिका निमित प्रमुख प्रशासकिय अधिकृत तथा शिक्षा संयोजक भोगेन्द्र यादबले ग्रामिण जीवनको महत्वपुर्ण आधार तथा बहुसंख्यक कृषकको आम्दानीको श्रोत भएकोले भैंसी र गाई पालन व्यवसायमा युवाहरूलाई आकर्षित गर्नुपर्ने बताए।

भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र प्रमुख प्रभाष झाले भैंसीपालनबाट फाईदा लिन भैंसीपालन क्षेत्रहरूको जस्तै पशुको स्वास्थ, पशु आहार, नश्ल सुधार, उत्पादनको बजार व्यवस्थापन जस्ता क्षेत्रमा ध्यान दिनु पर्ने बताए।

राजबिराज नगरपालिका पशु विकास अधिकृत प्रमेश्वर यादबले तालिमलाई सीपको रूपमा प्रयोगमा लिनुपर्नेमा जोड दिए। उनले तालिमबाट प्रत्यक्ष फाईदा हुने भएकोले सीप सिकेर भैंसी र गाई पालन गर्नमा ठुलो सहयोग पुग्ने भएकोले पशु पालनलाई ब्यवहारमा लागु गर्नुपर्ने बताए।

राजबिराज पशु पंक्षी बिकास शाखा प्रमुख अमरेन्द्र कुमार झाको अध्यक्षतामा आयोजित उदघाटन सत्रमा राजबिराज नगरपालिका स्वास्थ्य शाखा प्रमुख निरन्जन यादव, नेपाल पत्रकार महासंघ सहसचिव चन्दनकुमार यादव, संचारकर्मी शुभनारायण यादव लगायतले शुभकामना मन्तव्य दिएका थिए।

माघ २४ देखि २६ गते सम्म संचालन हुने तालिममा राजबिराज नगरको १६ वटै वडाबाट दुई जना गरी ३२ जना किसानहरूको सहभागिता रहेको थियो। सो तालिमको प्रशिक्षकमा पशुविज्ञ डा प्रभाष झा, अमरेन्द्र कुमार झा, प्रमेश्वर यादव, महेन्द्र यादव, रसुल मन्सुरी रहेका छन्।

# राष्ट्रिय सहमति र संशोधन बिना एमसिसी पारित हुँदैन : माओवादी

काठमाडौँ, २४ माघ (रासस)।

नेकपा (माओवादी केन्द्र)ले अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसनका सन्दर्भमा राष्ट्रहितलाई केन्द्रमा राखेर नेतृत्वले गरेको कूटनैतिक पहललाई गलत रूपमा व्याख्या गर्नु र अनावश्यक रूपमा उछाल्नुको कुनै अर्थ नभएको स्पष्ट पारेको छ।

माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को सचिवालयले आइतबार साँझ जारी गरेको प्रेस नोटअनुसार वस्तुगत अवस्थालाई दृष्टिगत गर्दै देश र जनताको हितलाई सर्वोपरि ठानी आफ्नो पार्टीका धारणा स्पष्ट गर्दै आएको जनाएको छ। प्रेस नोटमा भनिएको छ, "सो परियोजना परिमार्जन बिना पारित गर्नु हुँदैन भन्नेमा हाम्रो पार्टी दृढ छ। यसबारे गरिएका नियोजित प्रचारबाजीको भ्रममा नपर्न सम्पूर्ण पार्टीपङ्क्ती र न्यायप्रेमी जनसमुदायमा हामी हार्दिक अपिल गर्दछौँ।"

प्रेस नोटमा २९ सेप्टेम्बर २०२१ मा एमसिसी मुख्यालयलाई प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी अध्यक्ष प्रचण्डका तर्फबाट लेखिएको पत्र र त्यसबारे राजनैतिक वृत्त तथा जनस्तरमा गरिएका टिप्पणी, क्रिया र प्रतिक्रियाप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख छ। "प्रतिगमनलाई परास्त गरी भर्खरै गठबन्धन सरकार निर्माण भएको समयमा प्रधानमन्त्रीमाथि एमसिसी पारित गर्नैपर्ने दबाब भएकाले राष्ट्रिय हित तथा गठबन्धन र सरकारको रक्षाका लागि उक्त पत्र लेखिएको थियो", प्रेस नोटमा अगाडि भनिएको छ, "पत्रमा एमसिसीका लागि राष्ट्रिय सहमति आवश्यक हुने र राष्ट्रिय सहमति निर्माणका लागि सरकारलाई केही समय आवश्यक पर्ने कुरा उल्लेख गरिएको हो।"

"देशमा एकातिर : एमसिसीका बारे राजनैतिक वृत्त, बुद्धिजीवी, प्रेसदेखि जनस्तरसम्म विरोध र दबाबको अवस्था विद्यमान रहनु र अर्कोतिर तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा)ले एमसिसीबारे गठन गरेको कार्यदलले पनि यसलाई परिमार्जन बिना पारित गर्न नसकिने निचोड प्रस्तुत गरेकाले समेत गठबन्धनभित्रै यसबारे एउटै मत बनिहाल्ने अवस्था छैन," अध्यक्ष प्रचण्डको सचिवालयले स्पष्ट पारेको छ।

## विश्व समाचार

### अफगानिस्तानको सीमा क्षेत्रमा पाँच पाकिस्तानी सैनिकको हत्या

इस्लामावाद, २४ माघ (रासस/सिन्ह्वा)।

पाकिस्तान र अफगानिस्तानको सीमा क्षेत्रमा कम्तीमा पनि पाँच जना पाकिस्तानी सैनिकको हत्या भएको छ।

पाकिस्तानको अफगानिस्तानसँगको सीमा क्षेत्रमा अफगानिस्तानतर्फबाट भएको आक्रमणमा परी पाँचजना पाकिस्तानी सैनिक मारिएका बताइएको छ।

अफगानिस्तानतर्फबाट आतंककारीहरुले पाकिस्तानी सैनिक पोष्टमा हमला गरेका बताइएको छ। पाकिस्तानी सेनाले आइतबार प्रकाशन गरेको विज्ञप्तिमा अफगानिस्तानसँगको पाकिस्तानी उत्तरी सिमाना खैबर पाख्थुन्ख्वामा सो हमला भएको हो।

पाकिस्तानले आतंकवादीहरुले आफ्नो विरुद्धका लागि अफगानिस्तानको भूमि प्रयोग गरेकामा आपत्ति पनि प्रकट गरेको छ।

साथै पाकिस्तानी सेनाले आइतबार प्रकाशन गरेको विज्ञप्तिमा सो सीमा क्षेत्रमा भएको हमलामा परी पाकिस्तानी सेनाको तर्फबाट भएको कारबाहीमा ठूलो संख्यामा आतंककारीहरु पनि मारिएको बताइएको छ।

### भारतमा दैनिक सङ्क्रमितको संख्या एक लाखभन्दा कम

नयाँ दिल्ली, २४ माघ (रासस/सिन्ह्वा)।

भारतमा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितहरुको सङ्ख्या एक लाखभन्दा कम भएको छ।

महामारीको तेस्रो चरण सुरु भएपछिको पछिल्लो एक महिनापछि दैनिक सङ्क्रमितको सङ्ख्या एक लाखभन्दा कम भएको आइतबार नै पहिलो पटक हो।

कोरोना भाइरसको नयाँ भेरियन्टको रुपमा देखिएको ओमिक्रोन फैलिन थालेपछि सङ्क्रमितहरुको सङ्ख्या एकाएक बढेको थियो।

संघीय स्वास्थ्य मन्त्रालयले सोमबार बिहान सार्वजनिक गरेको विवरणअनुसार पछिल्लो २४ घण्टामा भारतमा ८३ हजार ८७६ जना सङ्क्रमित भएका छन्।

सोही अवधिमा कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या भने एक लाख ९९ हजार ५४ रहेको छ।

एउटै अवधिमा नयाँ सङ्क्रमितको सङ्ख्या भन्दा सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या दोब्बर भन्दा बढी रहेको छ। त्यसैले सक्रिय सङ्क्रमितहरुको सङ्ख्या पनि घट्दै गएको छ।

भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाहरुको कुल सङ्ख्या ११ लाख आठ हजार ९३८ रहेको मन्त्रालयले जनाएको छ।

उनीहरुका अनुसार पछिल्लो एक दिनमा भारतमा कोरोनाकै कारणले मात्रै ८९५ जनाको मृत्यु भएको छ।

### क्यानाडाको राजधानीमा संकटकाल घोषणा

मोन्ट्रेल, २४ माघ (रासस/एएफपी)।

क्यानाडाको राजधानी ओटावामा सङ्कटकाल घोषणा गरिएको छ।

ट्रक चालकहरुको आन्दोलन अनियन्त्रित र हिंसात्मक बन्दै गएको भन्दै स्थानीय सरकारले संकटकालको घोषणा गरेको हो।

कोरोना भाइरसविरुद्धको खोप लगाउनु पर्ने लगायतका कतिपय प्रतिवन्धात्मक व्यवस्थाकाविरुद्धमा ट्रक चालकहरुले केही दिनदेखि राजधानी केन्द्रीत आन्दोलन गर्दै आएका छन्।

ओटावाका नगरप्रमुख जीम वाट्सनले राजधानी सहर नियन्त्रणबाहिर गएकाले नियन्त्रणमा राख्नका लागि संकटकाल घोषणा गरिएको जानकारी दिनुभएको छ।

आन्दोलनकारी ट्रक चालकहरुले निरन्तर हर्न र साइरन बजाउने र पटाका पड्काउनेलगायतका क्रियाकलाप गरेर सहरवासीलाई आजित बनाएको उहाँले दावी गर्नुभयो।

चालकहरुले सडकमा टेन्ट र गाडीहरू राखेर अवरोध सिर्जना गर्दा यातायात सेवा नै अस्तव्यस्त भएर नगरवासीलाई समस्या भएको छ। साथै आपतकालिन सेवासमेत अवरुद्ध भएको उहाँको भनाइ छ।

उहाँले संकटकालको नियम नमान्ने र सहरमा अशान्ति मच्चाउनेलाई प्रहरीले गिरफ्तार गर्ने र कानूनी कारबाही गर्ने चेतावनी पनि दिनु भएको छ।

# कृषि क्षेत्रमा योगदान पुऱ्याएवापत कृषि ज्ञान केन्द्रका प्रमुख सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, २४ माघ ।**

कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख राजेन्द्र प्रसाद यादवलाई सोमबार एक कार्यक्रममा सम्मान गरिएको छ ।

कार्यालयमा सुधार, व्यवस्थापनमा सक्रियता र कृषि क्षेत्रमा लागेकालाई प्रोत्साहन गर्न योगदान गरेवापत उनलाई राष्ट्रिय कृषक समूह महासंघ सप्तरीले सम्मान गरेको हो ।

उनलाई कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय कृषक समूह महासंघ मधेश प्रदेशका अध्यक्ष मुक्ति नारायण यादवले दोसल्ला तथा कदरपत्रबाट सम्मानित गरेका छन् ।

कार्यक्रममा महासंघका जिल्ला अध्यक्ष सुखीलाल यादवले जिर्ण र अस्तव्यस्त अवस्थामा रहेको कृषि ज्ञान केन्द्र कार्यालयको पूर्वाधार निर्माण, कार्यालयको कार्यसम्पादनमा सक्रियता तथा कृषि क्षेत्रमा लागेका किसानलाई प्रोत्साहन गर्न योगदान पुऱ्याएकाले यादवलाई सम्मान गरिएको बताए ।

कार्यक्रममा महासंघकी केन्द्रिय सदस्य सुमित्रादेवी चौधरी, जिल्ला सदस्य तेजनारायण यादवलगायतले पनि शुभकामना दिएका थिए ।

कार्यक्रममा निकट भविष्यमै हुन लागेको राष्ट्रिय कृषक समूह महासंघको जिल्ला परिषद्को तयारी बारे आवश्यक सुझाव संकलन समेत गरिएको सचिव भुपेन्द्र यादवले जानकारी दिए ।

## उपाध्यक्षद्वारा गरिएको ...

नदिएको तथा कर्मचारीले पनि उपेक्षा गर्ने गरेको भन्दै महत्वपूर्ण निर्णयहरु गर्दा आफूलाई सहभागि नगराइएको र सूचना माग्दा अध्यक्ष र कर्मचारीसमेतले अटेर गर्ने गरेको आरोप लगाएकी छिन् ।

यसअघि पनि उनले सोही कारण देखाउँदै तीन पटक तालाबन्दी गरिसकेकी छिन् । तर, पुनः सोही कारण देखाएर गरेको तालाबन्दी माग पुरा नभएसम्म नखोलिने अडान लिएकी छिन् ।

यता गाउँपालिकाका अध्यक्ष सतिह कुमार सिंहले उपाध्यक्षको कुनै अधिकार कटौती नगरिएको र उनले मागेको सूचना समयमै उपलब्ध गराइएको दाबी गरेका छन् । उपाध्यक्ष स्वयंम तथा उनका केही आसेपासेले गाउँपालिकाको बजेटबाट गरेको विकास निर्माणको काममा गुणस्तरियता बारे कडाई गर्दा पूर्वाग्रही ढंगले अघि बढेको आरोप पनि लगाए ।

## सप्तकोशी नदीमा ...

आश्रीत समुदायको आय स्तर अभिबृद्धिका लागि स्थानिय जातको माछा नदीमा छाडिएको प्रकृतिक जलाशय मत्स्य प्रर्वद्धन एवं संरक्षण केन्द्र हेटौडाका कार्यालय प्रमुख सरोज कुमार यादवले बताए ।

खोला नालामा फोहोर ढल मिसाउने, बिषादी हाल्ने, करेन्ट लगाउने, पासो थाप्ने लगाएतका कारणबाट जलचर मासिने क्रम बढेकाले यसको संरक्षण गरी नदीमा आश्रित समुदायको जिवनस्थर विकासका लागि आफुहरुले यो कार्यक्रम गरेको कार्यालय प्रमुख यादवको भनाई छ ।

कोशी नदीमा माछाको भुरा छाडने कार्यक्रममा हनुमानगर कंकालिनी नगरपालिकाका उपमेयर सरिता यादव, मत्स्य बिकास केन्द्र फत्तेपुरका प्रमुख भुपनारायण मण्डल, पत्रकार भुपदेव माली र राससका समाचारदाता अरुण कुमार यादव लगायत स्थानियबासी भरभलाआदमी लगायतका उपस्थित रहेको थियो ।

# खेलाडी सम्मानित, जेष्ठ नागरिकलाई कम्बल बितरण



**दैनिक समाचारदाता**
**राजविराज, २४ माघ ।**

राजबिराज नगरपालिका वडा नं. ११ ले भारोत्तोलन राष्ट्रिय प्रतियोगितामा गोल्ड मेडल ल्याएका खेलाडीहरुलाई सम्मान गरेको छ ।

सो वडाका अध्यक्ष संजय कुमार यादबले ९० केजी तौल (सिनियर) र ५५ केजी समुहमा नेपाल प्रथम गरी गोल्ड मेडल प्राप्त गरेका क्रमशः संजय कुमार यादव तथा दिलिप यादबलाई सम्मान पत्र र ड्रेसबाट सम्मान गरेका हुन् ।

त्यस्तै भारोत्तोलन संघका सहायक प्रशिक्षक पुन्तीलाल यादबलाई समेत सम्मान पत्रसहित ड्रेसवाट सम्मान गरिएको छ ।

आयोजित कार्यक्रममा सो वडाका सबै जेष्ठ नागरिकहरूलाई कम्वल बितरण पनि गरेको छ । वडा कार्यालयमा आयोजित कार्यक्रममा राजबिराज नगरपालिका नगरप्रमुख शम्भु प्रसाद यादब, वडा अध्यक्ष संजय यादबले स्थानिय जेष्ठ नागरिकहरूलाई कम्बल बितरण गरेको छन । केही दिनदेखि बढेको चिसो कारण जनजिवन कष्टकर भईरहेको समयमा जेष्ठ नागरिकलाई चिसो छल्न कम्वल बितरण गरिएको जनाइएको छ ।

वडाका जेष्ठ, एकल महिला, पुर्णअपांग, असहाय, गरिव, बिपन्नसहित सामाजिक सुरक्षा भत्ता पाउने दलित, मुस्लिम लगायतलाई एक/एक थान कम्वल बितरण गरिएको हो ।

यसैगरी अध्यक्ष यादबले नेपाल सरकारद्वारा एमबिएस अध्ययन गर्न फुलस्कलरसीपमा नाम निकाल्न सफल स्थानिय राहुल यादबलाई पनि सम्मान गरेको बताए ।





अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

➢ जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ ।
➢ सावधानीपूर्वक सवारी साधन चलाऔं ।
➢ हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।
➢ सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
➢ सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं ।

आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*